# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं चैत्र २१ गते, २०७० साल (अतिरिक्ताङ्क ३६

## भाग ५

### संविधानसभा सचिवालयको सूचना

संविधानसभाले संविधानसभा नियमावली, २०७० को नियम १५१ बमोजिम देहायको कार्यतालिका पारित गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

९६३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८३५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संविधानसभाको कार्यतालिका
### (संविधानसभा नियमावली, २०७० को नियम १५१ संग सम्बन्धित)

| क.सं | मुख्य गतिविधि | कार्य अवधी | संविधानसभाको पूर्ण बैठकले सम्पन्न गर्ने | सम्बन्धित समितिले सम्पन्न गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | समितिका सभापतिको निर्वाचन । | २०७१ वैशाख १५ सम्म । | संविधानसभाका समितिहरुको गठन पूर्ण बैठकबाट भैसकेको । | सबै समितिले सभापतिको निर्वाचन गर्ने ।<br><br>सबै समितिहरुले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा केन्द्रित रहेर कार्ययोजना बनाई सो अनुरुप कार्य संचालन गर्ने । | संविधानसभा सचिवालयले सबै समितिको लागि अलग अलग सचिवालयको व्यवस्था गरी जनशक्ति लगायत भौतिक साधन र स्रोतको व्यवस्था मिलाउने विशेषज्ञको सम्बन्धमा सचिवालयले आफ्नो दृष्टिकोण कार्यव्यवस्था समितिमा पेश गर्ने । | |
| २. | संविधान निर्माण कार्यसँग सम्बन्धित स्रोत सामाग्रीको व्यवस्था गरी वितरण गर्ने र, स्रोत केन्द्रको विकास एवं व्यवस्थापन गर्ने । | निरन्तर । | | क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिले सो कार्य गर्ने । | संविधानसभाका सदस्यहरु एवं व्यवस्थापिका-संसदका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यकतानुसार तालीम, गोष्ठी, सेमिनार, अन्तरक्रिया आदि कार्यक्रमहरु संचालन गर्ने ।<br><br>अनुसन्धान तथा पुस्तकालय शाखाले संविधान स्रोत केन्द्रको रुपमा कार्य गर्ने । | |
| ३. | (क) संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले तत्कालिन संविधानसभाले संविधान निर्माणका लागि तयार गरेको दस्तावेज अध्ययन गरी सहमतिका विषय र विवादित विषय निर्क्यौल गरी सभामा पूर्ण वा आंशिक प्रतिवेदन पेश गर्ने ।<br>(ख) संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरी सहमति भएका विषयहरु सभाले मस्यौदाका लागि संविधान मस्यौदा समितिमा पठाउने ।<br>(ग) सभाले असहमति भएका विषयहरु सहमति गर्न आवश्यक निर्देशन सहित संवैधानिक-राजनीतिक संवाद समितिमा पठाउने । | २०७१ जेठको दोस्रो हप्ता सम्म । | संविधानसभामा पेश भएको संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको पूर्ण वा आंशिक प्रतिवेदनमा छलफल गर्ने निर्णय लिइने । | विगतको संविधानसभाबाट गठित समितिको अवधारणापत्र सहितको अभिलेखहरुको समितिले अध्ययन गर्ने,<br><br>सहमति/असहमति रहेका विषय छुट्याइने, छलफल गरी प्रतिवेदन तयार गर्ने । | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८३

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधी | संविधानसभाको पूर्ण बैठकले सम्पन्न गर्ने | सम्बन्धित समितिले सम्पन्न गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| ४. | संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा संविधानसभा भित्र रहेका र वाहिर रहेका राजनैतिक दल बीच मत भिन्नता रहेका संविधानका अन्तर वस्तुहरुमा राजनैतिक दलहरुसँग छलफल, अन्तरक्रिया गर्ने, वाहिर रहेका दलसँग सहमति कायम गर्ने ।<br>(क) राजनैतिक दलवीच मतभिन्नता रहेका विषयहरुमा सहमति कायम गर्ने,<br>(ख) छलफलमा उठेका नयाँ विषयहरु पनि सहमति गराई समावेश गर्ने । **(सहमतिको लागि अन्तिम समय सीमा)**<br>(ग) सहमति हुन नसकेमा पुन: निर्णयार्थ संविधानसभामा प्रतिवेदन पेश गर्ने । **(सहमति हुन नसकेमा प्रक्रियामा जाने)** | २०७१ भाद्र तेस्रो हप्ता सम्म<br>२०७१ भाद्र मसान्त सम्म । | संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले पेश गरेको विषयमा छलफल गरी कुनै सुझाव भए सुझाव सहित पारित गरेर संविधान मस्यौदा समितिमा पठाउने । | संविधानको अन्तरवस्तुमा राजनैतिक दलहरुवीच निर्धारित समयभित्र सहमति कायम गर्ने ।<br>संविधानको अन्तरवस्तुमा दलहरुवीच मतभिन्नता रहेका विषयमा सहमति कायम हुन नसकेका विषयहरुको सूची तयार गर्ने । | | |
| ५. | संविधानसभावाट सहमति भएका विषयहरुमा मस्यौदा गर्ने । | निरन्तर । | मस्यौदा समितिले तयार गरेको संविधानको पहिलो मस्यौदा पूर्ण वैठकमा पेश गरी छलफल गर्ने । | संविधान मस्यौदाको मूलभुत सिद्धान्तहरु, अन्तर्राष्ट्रिय मान्यताहरु र विगतका संविधानहरुको सैद्धान्तिक रुपमा अध्ययन तथा छलफल गर्ने ।<br>संविधान मस्यौदा समितिले संविधानको पहिलो मस्यौदा तयार गर्ने । | | |
| ६. | क) संविधानको पहिलो मस्यौदा लाई अन्तिम रुप दिई जनताको राय प्रतिक्रियाको लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने ।<br>ख) नागरिक सम्वन्ध संविधान सुझाव समितिले संविधानको पहिलो मस्यौदा माथि जनताको राय सुझाव लिने अन्तिम समय सीमा तोकी कार्ययोजना तयार गर्ने ।* | २०७१ असोज मसान्त सम्म । | | पूर्ण वैठकमा भएको छलफल र सुझावका आधारमा संविधान मस्यौदा समितिले पहिलो मस्यौदा लाई अन्तिम रुप दिने । | | |
| ७. | क) संविधानको पहिलो मस्यौदा माथि व्यापक सुनुवाई, गोष्ठि, अन्तक्रिया गराउने ।<br>ख) जुनसुकै माध्यमबाट आएका सुझाव संकलन गर्ने ।<br>ग) मा० सदस्यहरु आ- आफ्नो जिल्ला, क्षेत्र र मुलुकका विभिन्न भागमा जाने र जनताका राय सुझाव लिने । | २०७१ कार्तिक मसान्त सम्म । | नागरिक सम्वन्ध तथा संविधान सुझाव समितिको कार्ययोजना माथि छलफल गर्ने र आवश्यक निर्देशन दिने । | यो कार्य विशेषत नागरिक सम्वन्ध तथा संविधान सुझाव समितिको कार्ययोजना अनुरुप हुने ।<br>संविधानको पहिलो मस्यौदामाथि कम्तिमा प्रत्येक जिल्लामा सार्वजनिक सुनवाई गर्ने ।<br>संविधानसभाका सबै समिति, सदस्यहरु र कर्मचारीहरु संलग्न रहने । | संविधानसभाको अतिरिक्त नेपाल सरकार, नागरिक समाज, संघ संस्थाहरु समेत यो कार्यमा क्रियाशिल रहने । | नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको सचिवालयले जनताबाट आएका सुझावको विश्लेषण एवं अभिलेखीकरण गर्ने कार्य प्रारम्भ गरी निरन्तरता दिने । |
| ८. | जनताको राय सुझाव सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी सभामा पेश गर्ने र पूर्ण वैठकमा छलफल गर्ने | २०७१ मंसीर मसान्त सम्म । | नागरिक सम्वन्ध तथा संविधान सुझाव समितिको प्रतिवेदन माथि पूर्ण वैठकमा दलीय आधारमा छलफल गरी संविधानको पहिलो मस्यौदा परिमार्जन गरी संविधानको परिमार्जित विधेयक सभामा प्रस्तुत गर्न संविधानको विधेयकको मस्यौदा, जनताको प्रतिक्रिया सहितको प्रतिवेदन, सभाको निर्देशन सहित संवैधानिक राजनीतिक-संवाद समितिमा पठाउने र संविधानको विधेयक आवश्यक परिमार्जन गरी सभामा पेश गर्ने । | नागरिक सम्वन्ध तथा संविधान सुझाव समितिले प्रतिवेदन तयार गर्ने ।<br>सभाको निर्देशन अनुसार मस्यौदा तयार गर्ने । | यस कार्यमा सभाका सबै समिति सक्रिय रहने । | सम्भव भए सबै सुझावमा समितिको भनाई राखेर Individually Response गरिने छ । यो कार्यमा विशेषज्ञको सहयोग लिन सकिने । |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधी | संविधानसभाको पूर्ण बैठकले सम्पन्न गर्ने | सम्बन्धित समितिले सम्पन्न गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| ९. | **संविधानको विधेयक सम्बन्धमा**<br>क) संविधानको पहिलो मस्यौदा जनताको राय वमोजिम परिमार्जन गरी संविधानको विधेयक सभामा पेश गर्ने ।<br>ख) संविधानको विधेयकको प्रति सबै सदस्यलाई वितरण गर्ने ।<br>(ग) अन्तरिम संविधान र संविधानसभा नियमावली वमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल ।<br>(घ) विधेयकमाथि माननीय सदस्यहरुलाई संशोधन राख्ने म्याद दिने ।<br>(ङ) संशोधन सहित विधेयकमाथि को दफावार छलफल सभामा गर्ने ।<br>(च) संविधानको सबै धारा, प्रस्तावना र नाम सहित सम्पूर्ण भाग सभाबाट पारित गरिने । | २०७१ पुस मसान्त सम्म । | सभामा संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने ।<br>सभामा संशोधन सहित दफावार छलफल हुने, संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्ने र सभाबाट पारित गर्ने । | पूर्ण बैठकमा भएको छलफल र सुझावका आधारमा सहमति वमोजिम संविधान मस्यौदा समितिले पहिलो मस्यौदामा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने । यो कार्य गोप्य रुपमा सम्पन्न हुने । | विधेयक शाखाले मा० सदस्यहरुलाई संविधानको विधेयक वितरण गर्ने ।<br>विधेयक शाखाले प्राप्त हुने संशोधनलाई विधेयकका धाराहरुको क्रम अनुसार क्रम मिलाई संशोधनको सूची तयार गर्ने ।<br>सभामा दफावार छलफलको क्रममा सर्वसम्मति हुन नसकेका विषयहरुमा अन्तरिम संविधान वमोजिम सबै संसदीय दलका नेताहरु बसेर टुंगो लगाउने कार्य समेत समानान्तर रुपमा हुदै जाने ।<br>दफावार छलफलमा भएको संशोधनको निर्णय कार्यव्यवस्था शाखाले विधेयक शाखामा पठाउने । | संविधानसभा सचिवालयको विधेयक शाखाले संशोधन सम्बन्धी विवरण तयार गर्ने । |
| १०. | क) पारित संविधानको प्रमाणिकरण प्रति तयार गरी सदस्यहरुले हस्ताक्षर गर्ने र अध्यक्षले विधेयक प्रमाणित गर्ने ।<br>ख) राष्ट्रपतिद्वारा प्रस्तुत संविधानको प्रतिमा हस्ताक्षर गरी नेपाली जनता समक्ष नयाँ संविधान प्रारम्भ भएको घोषणा गर्ने । | २०७१ माघ ८ गते सम्म । | | | | |

**नोट** :- उल्लिखित कार्यको सहमतिका लागि निश्चित समय उपलब्ध गराउने र सो अवधिभित्र सहमति कायम हुन नसकेमा कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियमावली बमोजिमको प्रक्रियामा लैजाने ।

आज्ञाले,

**मनोहरप्रसाद भट्टराई**

संविधानसभाको महासचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

१८३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।